# श्री आदर्श सामुदायिक वन उपभोक्ता समुह

## बुद्धभुमी न.पा.-०१, कपिलवस्तु

### काठ दाउरा को बोलपत्रद्धारा लिलाम बिक्रिको सुचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०८/१८**

आर्दश सामुदायिक वन उपभोक्ता समुहको वन बाट आ.व.२०८०/०८१ मा उत्पादित काठ सा.व. घाटगद्दीमा रहेकोमा सो काठ लाई लट नं. १ कायम गरी निम्न जात र परिमाणको काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफने खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रित पुगेका वन पैदावारमा अधारित (काठ/दाउरा) संचालनमा रहेको उद्योगले मात्र यो सूचना मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिन भित्रमा बोलपत्र खरिद गरी २२ औ दिनको २:०० बजे सम्ममा लटको सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

**वन पैदवारको विवरण**

| सि.नं. | लट नं. | जात | ग्रेड | थान | परिमाण | न्यूनतम मुल्य प्रति इकाइ दर रु | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १/०८१/०८२ | साल | A | १४ | २६६।४९ | १२५० | प्रति क्यू.फिट रु १६४ | धाङ नं ६,७ |
| | | साल | B | ४९ | ६१३।३० | ९०० | | |
| | | साल | C | ९३ | ४८२।२० | ६०० | | |
| | | साल | D | ११ | १८।६४ | ३०० | | |
| | | जम्मा | | १६७ | १३८०।६३ | | | |
| | | साल | दाउरा | | ३ चट्टा | १२००० | प्रति चट्टा १४०००।- | |

(१) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८१/०९/०८ (ख) समय :- ४:०० वजे भित्र।

(२) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८१/०९/०९ (ख) समय :- दिनको ठीक २.०० वजे सम्म।

(३) बोलपत्र फारम लट नं. १ को रु २०००।– पछि फिर्ता नहुने गरी तिरी यस समुहको कार्यालय र डिबिजन वन कार्यालय कपिलवस्तु बाट खरिद गरी सोहि कार्यालयमा दाखिला गर्न सकिनेछ।

(४) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको शाखा कार्यालय तौलिहवा मा रहेको राष्ट्रिय बाणिज्य बैकको , चल्ती खाता नं. ३११०१०००११३८४००१ मा नगद जम्मा गरेको सक्कल भौंचर वा ६ महिना को बैंक ग्यारेण्टी जमानत पत्र समावेश हुनपर्ने छ।

(५) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र **यस आदर्श सा.व.उ.स.** को घाटगद्दी स्थलमा गई हेर्न सकिने छ।

(६) संघिय वन नियमावलीको नियम २५ (३) बमोजिम वन पैदावारमा आधारित उद्योग र सोही नियमावलीको नियम १२८ बमोजिम डिबिजन वन कार्यालयमा सुचिकृत उद्योगहरु मध्ये लिलाममा भाग लिन ईच्छुक उद्योगका प्रोप्राईटरले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मुल्य अभिबृद्धिकर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी ,डिबिजन वन कार्यालयमा सुचिकृत भएको पत्रको प्रतिलिपी सहित बोल पत्र खरिद गरी शिल वन्दी बोलपत्र पेश गर्नु पर्नेछ।

(७) निर्धारित गरिएको न्यूनतम् संख्याको र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१/०९/११ गते दिउँसो १२.०० वजे साक्षीहरुको रोहवरमा खोलिनेछ

(८) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिन भित्र सकार गरेका रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर लगायत अन्य कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ।

(९) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

(१०) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहको अख्तियारवाला पदाधिकारीमा हुनेछ।